# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्धारा प्रकाशित

खण्ड १६ ] काठमाडौं भाद्र २४ गते २०२३ साल [ अतिरिक्ताङ्क २३ (ग)


### राष्ट्रिय पञ्चायत सचिवालयको

### सूचना

**श्री ५ महाराजाधिराजबाट गठन गरिबक्सेका**

**राष्ट्रिय पञ्चायतका समितिहरू**

१. जनप्रतिनिधिहरूलाई शासनको प्रत्येक तहमा शरीक गराई वास्तविक प्रजातन्त्रको जग बसाउने पञ्चायत व्यवस्थाको मूल उद्देश्य अनुरूप अब राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई पनि श्री ५ को सरकारको कार्य र गतिविधिहरूमा बढी सक्रिय रूपले सम्मिलित गराई उनीहरूले आफूलाई देशको शासनमा बढी योगदान गरेको वा शरीक भएको अनुभव गर्न सकून् भन्नका लागि राष्ट्रिय पञ्चायतमा विभिन्न विषयसंग सम्बन्धित समितिहरूको गठन गरिने छ। यी समितिहरू देहायबमोजिम हुनेछन्:-

१) पञ्चायत समिति–
(पञ्चायत प्रशासन, वर्गीय संगठन, कानून न्याय)

२) आर्थिक समिति–
(अर्थ, आर्थिक योजना, उद्योगवाणिज्य, विद्युत्, निर्माण सञ्चार यातायात)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६१

३) सामाजिक समिति–
(स्वास्थ्य, शिक्षा, प्रचार-प्रसार, परराष्ट्र)

४) प्रशासन समिति–
(जिल्ला प्रशासन, पुलिस, प्रशासकीय व्यवस्था, रक्षा)

५) कृषि तथा भूमिसुधार समिति–
(वन, कृषि, खाद्य, भूमिसुधार, नहर)

२. उक्त समितिहरूको काम कर्तव्य देहायबमोजिम हुनेछः–

(क) राष्ट्रिय पञ्चायतद्वारा स्वीकृत गरिएका विभिन्न ऐनहरू, बजेट तथा नीति अनुसार श्री ५ को सरकारको कार्य सञ्चालन भइरहेको छ छैन, अध्ययन गरी राष्ट्रिय पञ्चायतमा रिपोर्ट पेश गर्नु,

(ख) श्री ५ को सरकारद्वारा विभिन्न ऐन अनुसार बनाउनुपर्ने नियमहरू तथा निकाल्नुपर्ने आदेशहरू ऐनको भावना अनुसार छ छैन अध्ययन गरी रिपोर्ट पेश गर्नु,

(ग) श्री ५ को सरकारले राष्ट्रिय पञ्चायतमा समय समयमा दिएका आश्वासन-हरूलाई पूरा गर्न श्री ५ को सरकारद्वारा के कस्तो कदम उठाइएका छन्, हेरी रिपोर्ट पेश गर्ने,

(घ) स्वीकृत नीति अनुसार कार्य सञ्चालन भइरहेको छ छैन अध्ययन र जांचबुझ गरी सो नीति अनुसार बढी सुचारुरूपले अथवा बढी प्रभावकारी ढङ्गले कार्य सञ्चालन गर्ने तरीका र उपायका सम्बन्धमा सल्लाह र सुझाब दिने,

(ङ) पञ्चायत व्यवस्थाको वास्तविक भावना अनुसार कार्य सञ्चालन भई पञ्चायत व्यवस्थालाई बढी सुदृढ पार्ने उपायहरूका सम्बन्धमा सल्लाह र सुझाब दिने।

उपर्युक्त समितिहरूले आफ्नो कार्यक्षेत्र भित्र पर्ने कुराहरूका सम्बन्धमा मात्र काम गर्नुपर्दछ।

३. प्रत्येक समितिमा सम्बन्धित मन्त्री, सहायक मन्त्री बाहेक २० देखि २५ जनासम्म सदस्यहरू रहने छन्।

४. विभिन्न समितिमा रहने सदस्यहरू सकभर सबै अञ्चलहरूको प्रतिनिधित्व हुने गरी तथा विभिन्न सदस्यहरूको रुचिसमेत बुझी राष्ट्रिय पञ्चायतका अध्यक्षद्वारा मनोनीत हुनेछन्।

तर मन्त्री र सहायक मन्त्री सम्बन्धित समितिका पदेन सदस्यहरू हुनेछन्।

५. समितिको सभापति र उप-सभापति समितिका सदस्यहरूद्वारा निर्वाचित हुनेछ।

तर कुनै पनि मन्त्री वा सहायक मन्त्री समितिको सभापति वा उप-सभापति रहने छैनन्।

६. मन्त्री वा सहायक मन्त्री बाहेक एकजना सदस्य सामान्यतः एकभन्दा बढी समितिको सदस्य हुन सक्ने छैनन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६२

७. समितिहरूले, आफ्नो कार्य सञ्चालनका निमित्त आवश्यक वा वाञ्छनीय ठानेमा एक वा बढी उप-समितिहरू गठन गर्न सक्ने छन् ।

८. समितिका बैठकहरू राष्ट्रिय पञ्चायतको बजेट अधिवेशन तथा शीतकालीन अधिवेशन शुरू हुनुभन्दा अघि हुने छन् । समितिका कुनै पनि बैठकहरूको अवधि सामान्यतः १५ दिनभन्दा बढी हुनेछैन ।

तर, रा. पं. अध्यक्षले बैठक बस्न आवश्यक ठानेमा सभापतिलाई बैठक बोलाउने निर्देश गर्न सक्ने छ र त्यस्तो निर्देशन पाएपछि सभापतिले बैठक बोलाउनु पर्छ ।

९. समितिका बैठकहरू सभापतिले वा सभापतिको अनुपस्थितिमा उप-सभापतिले तोकेको दिन र समयमा बस्ने छन् ।

१०. समितिहरू गठन गर्ने मुख्य उद्देश्य राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई शासनमा बढी शरीक गराउने भएकोले, समितिद्वारा पेश गरिने रिपोर्टहरू सामान्यतः सर्वसम्मतिद्वारा नै पेश गरिने छन् तापनि मत लिई निर्णय गर्ने अवस्था परेमा बहुमतको आधारमा निर्णय गरिने छ र कुनै सदस्यले चाहेमा आफ्नो असहमतिसूचक टिप्पणी रिपोर्टका साथ संलग्न गर्न सक्ने छन् ।

११. मत बराबर भएमा सभापतित्व गर्ने व्यक्तिलाई दोस्रो अथवा निर्णायक मत दिने अधिकार रहने छ ।

१२. बैठकको संपूर्ण सदस्यको तीन खण्डको एक खण्डभन्दा कम सदस्यहरूको उपस्थितिमा कार्य सञ्चालन गर्न सकिने छैन ।

१३. समितिको कार्यकाल दुई बर्षको हुनेछ ।

१४. समितिको प्रतिबेदन सभापतिको वा निजको अनुपस्थितिमा उप-सभापतिले वा अन्य कुनै सदस्यले राष्ट्रिय पञ्चायतमा प्रस्तुत गर्ने छन् ।

१५. राष्ट्रिय पञ्चायतको सचिव प्रत्येक समितिको पदेन सचिव हुने छन् ।

तर निजको अनुपस्थितिमा निजले तोकेको सह-सचिव वा उप-सचिवले सचिवको निमित्त काम गर्न सक्ने छन् ।

१६. समितिको बैठक चालू रहेसम्म उपस्थित भएका सदस्यहरूले राष्ट्रिय पञ्चायतको बैठकमा पाए सरह दैनिक भत्ता प्राप्त गर्ने छन् ।

१७. आफ्नो स्थायी निवासस्थानबाट समितिको बैठकमा भाग लिन आउंदा वा भाग लिएर फर्कंदा सदस्यहरूले राष्ट्रिय पञ्चायतको बैठकमा भाग लिन आउंदा वा भाग लिएर फर्कंदा पाए सरह भ्रमण भत्ता प्राप्त गर्ने छन् ।

१८. आफ्नो कामको निमित्त आवश्यक भएका समितिले सम्बन्धित कर्मचारीलाई आफ्नो बैठकमा उपस्थित गराउन सक्ने छ ।

आज्ञाले–

सुन्दरप्रसाद शाह

राष्ट्रिय पञ्चायतको सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२०४